ज्ञान शील एकता

# प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल

## तेस्रो राष्ट्रिय अधिवेशन

२१-२३ फागुन, २०६६ । नारायणगढ, चितवन

**प्रस्ताव क्रमाङ्क-१**

## शैक्षिक प्रस्ताव

नेपालमा वि.सं.२००७ सालपछि आधुनिक शिक्षाको शुरूवात भएदेखि हालसम्म शैक्षिक विकासका लागि धेरै प्रयासहरू भएका छन् । यस बीचमा नेपालको शैक्षिक विकासका लागि थुप्रै प्रयासहरू भएका छन् । धेरैवटा आयोगहरू बनिसकेका छन्, थुप्रै प्रतिवेदनहरू तयार गरिसकिएको छ, थुप्रै योजना र परियोजनाहरू लागु भइसकेका छन् अर्थात् औसत लगानी समेत भइसकेको छ । तर ठोस उपलब्धि भने हुन सकेको छैन । केवल अंकगणितीय साक्षरता दर मात्र बढेको छ । शैक्षिक क्षेत्रमा निर्धक्क भएर योजनागत र प्रणालीगतरूपमा विकासको पाइला नेपालले अझैसम्म चाल्न पाएको छैन । राज्य दिनप्रतिदिन बेमेल र अन्यौलको सिकार बन्दै गइरहेको वर्तमान अवस्थामा शिक्षामा स्वेच्छाचारी र मनोमालीन्य प्रवृत्ति हावी भइरहेको छ । समग्रमा भन्नुपर्दा नेपालले संख्यात्मक दृष्टिले यस क्षेत्रमा गरेको प्रगतिलाई सन्तोषजनक मान्न सकिन्छ तर गुणात्मक दृष्टिले पूर्वप्राथमिक विद्यालय तहदेखि उच्च शिक्षाका हरेक तहमा गुणस्तरको टड्कारो अभाव देखिन्छ ।

त्यसैले रोजगारोन्मुख, सीपमूलक, व्यावहारिक, संस्कारित शिक्षा प्रदान गरी दिगो शैक्षिक विकास गर्न प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो तेस्रो राष्ट्रिय अधिवेशन नेपाल सरकारसँग निम्न बमोजिमको माग गर्दछ ।

१. केही महिनाअघि मन्त्रिपरिषद्मा पुगेको उच्च शिक्षाका सम्बन्धमा व्यवस्था गर्न बनेको शिक्षा विधेयकप्रति प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको ध्यानाकर्षण भएको छ । भारतमा स्वयं सरकारले हालसालै असफल घोषित गरेको यो अवधारणा वर्तमान नेपाली परिवेशमा अनुकूल एवं उचित नभएको प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको ठहर छ । भारतमा जस्तो राजनीतिक भनसुनको आधारमा सस्तो लोकप्रियताका लागि यूनिभर्सिटी बनाउने प्रयास हुने, अनावश्यक एवं असम्बन्धित पाठ्यक्रम समावेश गर्ने, तोकिएभन्दा बढी शुल्क लिने जस्ता नकारात्मक प्रयासहरू हुनसक्ने हुँदा मानित विश्वविद्यालयको मान्यता नेपालमा लागु नगर्न प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो तेस्रो अधिवेशन नेपाल सरकारसँग माग गर्दछ ।

२. आरक्षण र समावेशीकरणका नाममा त्रिविवि सेवा आयोग खुल्न नदिने, स्वतन्त्र रूपमा सेवा आयोगमा प्रतिस्पर्धा गर्न नदिने जस्ता घटनाप्रति परिषद्को गम्भीर ध्यानाकर्षण भएको छ । त्रिविविका केही विभागहरूमा प्राध्यापकको अभाव हुने स्थितिको समेत सिर्जना भइसकेको अवस्थामा सेवा आयोगमा समावेशीको राजनीति गर्नुभन्दा पनि स्वतन्त्ररूपमा प्रतिस्पर्धा गराई दक्ष शैक्षिक जनशक्तिको चयन गर्न परिषद् नेपाल सरकारसँग माग गर्दछ ।

३. उच्च शिक्षाको क्षेत्रमा वार्षिक परीक्षा बाहेक मूल्यांकनको अन्य आधारहरू/साधनहरूको ज्यादै कम मात्रामा प्रयोग भएको पाइन्छ । यदाकदा प्रयोग गरिए तापनि डर धम्की देखाई बढी अंक दिन लगाउने जस्ता गलत प्रवृत्ति हावी भएको पाइन्छ । यस्ता गलत प्रवृत्तिको अन्त्य गर्दै गुणस्तरीय तथा व्यावहारिक शिक्षा प्रदान गर्न वार्षिक परीक्षालाई नै मूल्यांकनको अन्तिम आधार बनाउने प्रथाको अन्त्य गरिनुपर्ने ।

४. ग्रामीण क्षेत्रमा शिक्षाको गुणस्तर र पहुँच बढाउन शिक्षामन्त्रालयअन्तर्गत एक छुट्टै विभागको गठन गरिनुपर्ने जसले पाठ्यसामग्रीको पहुँच, ग्रामीण क्षेत्रमा हुने पठन पाठनको मूल्यांकन, सुपरीवेक्षण एवं निरीक्षण गरोस् ।

५. नेपालमा गणतन्त्रको स्थापनापश्चात् आजसम्म पनि शान्तिले पाइला हाल्न नसकिरहेको अवस्थामा र स्वदेश अनुकूलको शैक्षिक पूर्वाधारको विकास भइनसकेको अवस्थामा विदेशी विश्वविद्यालय भित्राइन खोजिँदैछ । शिक्षाक्षेत्रमा विदेशीको लगानी हुनु तथा विदेशी संस्था आउनुले नेपालीले विदेशमा नगई स्वदेशमा नै विदेशी सरहको गुणस्तरयुक्त शिक्षा पाउने सम्भावना बढाउँछ । तर यस्ता शैक्षिक संस्थाहरू राखिने विषयवस्तु, दिइने गुणस्तर, त्यहाँबाट उत्पदित विद्यार्थी राष्ट्रप्रतिको धारणा र मोह कस्तो रहने हो सो समेतको अध्ययन एवं बहस

हुनुपर्ने । नेपालले शिक्षाक्षेत्रमा खासै व्यापारिक प्रतिस्पर्धा गर्न नसकेको हुँदा भविष्यमा विदशी शिक्षण संस्थाको बोलवाला रहने सम्भावनालाई गम्भीरताका साथ लिई स्वदेशी शिक्षण संस्थालाई प्रतिस्पर्धी बनाउन पहल गरिनुपर्ने ।

६. **विश्वविद्यालय अनुदान आयोगका** Quality Assurance and Accreditation Committee (QAAC) **लाई आवश्यक अधिकार प्रदान गरी थप प्रभावकारी बनाइनुपर्ने । साथै विश्वविद्यालयले तोकेको मापदण्ड पूरा नगरेका क्याम्पस/कलेजहरूको संख्या, तिनमाथि भए गरेका कारवाहीहरूलाई सार्वजनिक गर्न प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो तेस्रो राष्ट्रिय अधिवेशन जोडदार माग गर्दछ ।**

७. **बाबुआमाको काम छोराछोरीलाई जन्माउने र पालन पोषण मात्र गर्ने नभई उचित शिक्षा दिने पनि हो । त्यसैले सरकारले विद्यालय, विश्वविद्यालय जन्माउने मात्र हैन, समय-समयमा तदारूकताको साथ यिनीहरूको गतिविधि र गुणस्तरलाई ध्यानमा राखी आवश्यक पुरस्कार र दण्डको समेत व्यवस्था गर्नुपर्ने ।**

**माथि उल्लेखित मागहरूलाई यथाशीघ्र सम्बोधन गरी गुणात्मक, सीपमूलक एवं संस्कारित शिक्षाको विकास गर्न अग्रसर हुन प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो तेस्रो राष्ट्रिय अधिवेशन सरकारसँग माग गर्दछ ।**

ज्ञान शील एकता

# प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल

## तेस्रो राष्ट्रिय अधिवेशन

## २१-२३ फागुन, २०६६

## नारायणगढ, चितवन

**प्रस्ताव क्रमाङ्क-२**

## आर्थिक प्रस्ताव

समग्र मानवजीवनको सामाजिक, सांस्कृतिक, आर्थिक, बौद्धिक, शारीरिक आदि पक्षको उचित तवरले विकास गर्नका लागि कुनै पनि राष्ट्रले आफ्नो परिवेश अनुसारको विकास ढाँचा अवलम्बन गर्दै दिगो विकासका लागि निरन्तर प्रयत्न गर्नुपर्ने हुन्छ। देशको विकासको गति र आर्थिक वृद्धिमा बढोत्तरी, निरन्तरता र स्थायित्व कायम हुन सकेमा मात्रै त्यस्तो विकास दिगो हुनसक्छ। तर नेपालमा सही अर्थमा विकासको फल हामी नेपालीले चाख्न पाएका छैनौं। विगतका विकासे योजना, तिनको कार्यान्वयन र प्रतिफलले आ.व.२०३७/३८ मा हासिल गरेको १० प्रतिशत आर्थिक वृद्धि नेपालले अझैसम्म पछ्याउन सकेको छैन। प्राकृतिक सम्पदाले भरिपूर्ण र विकासका प्रशस्त सम्भावनाहरू बोकेको नेपाल, चीन र भारतजस्ता उच्च आर्थिक वृद्धि प्राप्त गरिरहेका मुलुकको बीचमा रहेर पनि विगत ५ वर्षमा औसत ३-४ प्रतिशत मात्र आर्थिक वृद्धि गर्न सफल राष्ट्र बन्न पुगेको छ। जुन अत्यन्तै चिन्तनीय विषय बनेको छ भन्ने प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको ठहर छ।

सार्वजनिक सरोकारका क्षेत्रहरू जस्तै शिक्षा, स्वास्थ्य, कृषि, जनसंख्या, विद्युत, सिंचाई, यातायात, सञ्चार, खानेपानी एवं विज्ञान र प्रविधि लगायतका क्षेत्रहरूको प्रवर्द्धन गर्दै आर्थिक विकास गर्न अग्रसर हुनु प्रत्येक राज्यको दायित्व हो। तर नेपालले राजनीतिक अस्थिरता, द्वन्द, भ्रष्टाचार, अदूरदर्शी सोच र चिन्तनका कारण आजसम्म आशातित सफलता प्राप्त गर्न सकेको छैन। बढ्दो महंगी, कालाबजारी, धनी र गरीब बिचको बढ्दो दूरी, भौतिक पूर्वाधारको विकास तथा निर्माणमा सुस्तता, अनियमितता, कमिशनतन्त्रको चलखेल, दक्ष जनशक्तिको विदेश पलायन आदि नकारात्मक पक्षहरूबाट नेपाली अर्थतन्त्र आक्रान्त भइरहेको वर्तमान परिप्रेक्ष्यमा प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो तेस्रो राष्ट्रिय अधिवेशन नेपाल सरकारलाई निम्न विषयवस्तुहरूमा ध्यान केन्द्रित गराउँदछ।

१. विश्वको औसत करीब ३५ प्रतिशत जनसंख्या कृषि पेशामा लागेकामा नेपालमा औसतभन्दा दोब्बर श्रमशक्ति कृषि क्षेत्रमा निर्भर रहँदा समेत ५५ जिल्लामा खाद्यान्न न्यून रहेको तथ्यले सरकारी योजना र नीतिको प्रभावकारीतामाथि प्रश्न चिह्न उठाएको छ। त्यसैले नेपाली अर्थतन्त्रको मेरूदण्ड कृषि क्षेत्रको विकासकालागि ल्याइएका विभिन्न योजना जस्तै दीर्घकालीन कृषि योजना, राष्ट्रिय कृषि नीति २०६१, कृषि व्यवसाय प्रवर्द्धन नीति २०६३ का कमी कमजोरी हटाई तिनलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने।

२. अत्यधिक बन्द, हड्ताल, चक्काजाम, ट्रेट युनियनको अत्यधिक हस्तक्षेप जस्ता कारणले उद्योग व्यवसाय एवं पर्यटन क्षेत्रलाई नराम्रो असर पारेकोले वर्तमान सरकारलाई यस्ता गतिविधि गर्नेप्रति कडारूपमा प्रस्तुत भई सदाका लागि यस्ता क्रियाकलाप अन्त्य गर्ने प्रयास गर्न प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो तेस्रो अधिवेशन सरकारसँग माग गर्दछ।

३. नेपालले १० वर्षे द्वन्द भोग्नुका कारणमध्ये गरीबी पनि एक हो भन्ने तथ्य समयमै बुझ्नु जरूरी छ। नेपालको ग्रामीण क्षेत्रमा करीब ३५ प्रतिशत जनसंख्या गरीबीको रेखामुनि रहेको अनुमान छ। ५५ देखि ६० प्रतिशतसम्म अर्थात् सबैभन्दा बढी गरीबी कालिकोट, रोल्पा र सिन्धुली जिल्लामा रहेको तथ्यले पनि यसलाई पुष्टि गर्दछ। माओवादी जनयुद्ध रोल्पाको लिवाङबाट शुरू भएको थियो। त्यसैले धनी र गरीब बीचको बढ्दो दूरी कम गर्दै गरीबीको रेखामुनि रहेको जनसंख्यालाई देखावटी रूपमानभई यथार्थरूपमा घटाउनुपर्ने।

४. ग्रामीण विकास बैंक एवं अन्य वित्तीय संस्थाहरूमार्फत् लघुवित्त सेवालाई राजनीतिक हस्तक्षेपबिना दूर-दराजमा रहेका ग्रामीण वर्गमा पुऱ्याउन पहल गरिनुपर्ने।

५. बैंकिङ्ग क्षेत्रमा स्वस्थ प्रतिस्पर्धा गराई बैंकिङ्ग नियम उल्लंखन गर्ने बैंक तथा वित्तीय संस्थालाई राजनीतिक संरक्षण प्रदान गर्ने चलनको अन्त्य गरिनुपर्ने । साथै नेपालले ध्त्इ मा प्रतिवद्धता जनाए अनुसार सन् २०१० देखि होलसेल बैंकिङ्ग गर्ने विदेशी बैंकले नेपालमा आफ्नो शाखा खोल्न पाउने छन् । यसबाट स्वदेशी बैंकमा पर्न जाने नकारात्मक असर जस्तै पूँजी पलायनको संभावना, स्वदेशी बैंकको नाफा तथा बजार शेयर घट्ने, ओभर बैंकिङ्ग, unfair trade practices वित्तीय संकटको संभावना बढी हुने आदिलाई न्यून गर्न आवश्यक कदम चालिनुपर्ने ।

६. व्यापक जनचेतनाको अभावका कारण स्वदेशीवस्तुमा विदेशी संघसंस्थाले प्याटेन्ट राइट कायम गर्ने सम्भावना बढी भएकाले यस बारेमा प्रभावकारी रूपमा सहरी तथा ग्रामीण क्षेत्रमा जनचेतना फैलाउने कार्य गर्नुपर्ने । विद्यालय स्तरमा सामाजिक शिक्षा अन्तर्गत यस विषयलाई समावेश गरी अझै जनचेतनाको स्तर फैलाउने कार्यको थालनी गरिनुपर्ने ।

७. मनुष्यलाई केवल आर्थिक मानवको रूपमा नहेरी धर्म नियन्त्रित अर्थव्यवस्थालाई अनुसरण गरिनुपर्छ भन्ने परिषद्को ठहर छ । नैतिकता (अथवा धर्म) लाई अर्थशास्त्र, अर्थव्यवहार, अर्थरचना वा आर्थिक सिद्धान्तबाट अलग गर्न सकिदैन । अलग गर्न खोजेमा अहिलेको जस्तो बेरोजगारी, भोकमरी, गरीबी, भ्रष्टाचार, असमानता जस्ता समस्याहरू भोग्नुपर्ने हुन्छ । धर्मयुक्त धन र धनयुक्त धर्मले नै संसारमा राम्रो परिणाम ल्याउन सक्छ भन्ने तथ्य विस्तारै सिद्ध हुँदै गएको तथ्यप्रति सचेत हुँदै सोही बमोजिमको आर्थिक नीति अवलम्बन गरिनुपर्दछ ।

८. सरकारले चालु आ.व.को मंसीर मसान्तसम्ममा पूर्वाधार विकास बैकको स्थापना गर्ने भने तापनि कुनै ठोस पहल भएको छैन । त्यसैले तुरून्तै उक्त बैंकको स्थापनाका लागि पहल गरिनुपर्ने ।

९. भारतीय सीमाको नजीक रहेका धार्मिक तथा पर्यटकीयस्थल जस्तै : देवदह, लुम्बिनी लगायतका अन्य क्षेत्रमा नेपाली मौलिकपन झल्किनेगरी विकास निर्माणका कार्यहरू तीव्र गतिमा सञ्चालन गरिनुपर्ने ।

१०. भारतसँगको अत्यधिक व्यापारिक निर्भरतालाई कम गर्ने विकल्पहरूको खोजी गरिनुपर्ने । पेट्रोलियम पदार्थ लगायत अन्य केही प्रमुख आयातित सामान अन्य मुलुकबाट पनि आयात गर्न सम्भाव्यताको अध्ययन गरी सोका लागि साफ्टा, ध्त्इ जस्ता संस्थामार्फत् कूटनीतिक पहलका लागि प्रास गरिनुपर्ने ।

११. हालसालै ल्याइएको वाणिज्य नीति २०६५ लाई प्रभावकारी रूपमा कार्यान्वियन गरिनुपर्ने ।

१२. निरन्तर भइरहने हडताल, बन्द, उद्योग व्यापारीको हत्या अपहरण आदि जस्ता आर्थिक क्षेत्रलाई शिथिल बनाउने घटनाको कडाइका साथ नियन्त्रण गरी शान्ति सुव्यवस्था कायम गरिनुपर्ने ।

१३. आर्थिकरूपमा देशले थेग्न सक्ने गरी मात्र संघीय प्रणाली वा अन्य राज्य व्यवस्था अपनाइनुपर्ने ।

१४. जलविद्युत क्षेत्रको विकासमा भएको ढिलाईका बारेमा समयमै सचेत भई यस क्षेत्रमा हुने गरेको कमिशनको चलखेल तथा ढिलासुस्तीलाई हटाई लोडसेडिङको समस्या सधैका लागि अन्त्य गरिनुपर्ने ।

माथि उल्लेखित मागहरू तुरून्त सम्बोधन गर्न परिषद्को यो तेस्रो अधिवेशन सरकारसँग माग गर्दछ ।

ज्ञान शील एकता

# प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल

## तेस्रो राष्ट्रिय अधिवेशन

## २१-२३ फागुन, २०६६

## नारायणगढ, चितवन

**प्रस्ताव क्रमाङ्क-३**

## देशको वर्तमान राजनीतिक अवस्था

राजनीतिक व्यवस्था परिवर्तन/रूपान्तरणले गर्दा तरलीय र संक्रमणकालीन अवस्थाबाट गुज्रिरहेको वर्तमान नेपालमा शिक्षा, दिगो शान्ति, सुरक्षाको प्रत्याभूति दिँदै समयमै लोकतान्त्रिक संविधानको निर्माण गर्नु वर्तमान सरकारको विशेष दायित्व हो भन्ने प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको ठहर छ । परिवर्तन तथा रूपान्तरणको अवस्थामा रहेको नेपालमा समाजका हरेक क्षेत्रहरू जस्तै सामाजिक, धार्मिक, आर्थिक, शैक्षिक लगायतका अन्य क्षेत्रमा स्वाभाविक प्रभाव पर्ने हुँदा दलगत राजनीतिदेखि माथि रहेर स्वतन्त्ररूपमा कार्य गर्ने हामी जस्ता संगठन सचेत र होशियार भई सरकारलाई मार्ग निर्देश गर्नुपर्ने हुन्छ । त्यसैले प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो तेस्रो राष्ट्रिय अधिवेशनले निम्न बुँदाहरूमा मनन गर्दै राष्ट्रिय नीति तथा संविधान निर्माण गर्न नेपाल सरकारसँग माग गर्दछ ।

१. एकतर्फीरूपमा मुलुककै जिम्मेवार पार्टीबाट जातीय आधारमा भएको स्वायत्त राज्य घोषणाले हाम्रा प्राचीन तथा गौरवमय धरोहरलाई कमजोर बनाउनुका साथै मुलुकको परम्परागत सामाजिक संरचना, सांस्कृतिक र जातीय सद्भाव एवं सहिष्णुताको संस्कारलाई तहस-नहस पारेको छ । यस्ता घोषणाहरूलाई भोलि संविधानमार्फत् संस्थागत गरिएको खण्डमा देश विखण्डनमा जाने निश्चित प्राय छ । जातीय स्वायत्त राज्य घोषणा राष्ट्रहित विपरीत छ भन्ने तथ्यलाई संविधान निर्माणको क्रममा आत्मसात गर्नुपर्ने ।

२. संघीय प्रणालीको संरचना जातीय आधारमा हुन नहुने । भुटानमा भएको जातीय सफाया तथा जातीका आधारमा राज्य घोषणा भएका भारतीय स्टेटबाट पनि यसको पुष्टि हुन्छ । पाँच विकास क्षेत्रलाई बढाई आवश्यकता बमोजिम ८ वा ९ विकास क्षेत्र बनाई व्यवहारिक रूपमा विकेन्द्रीकरणको नीति अवलम्बन गरेर पनि सामाजिक समावेशीकरणलाई बढावा दिन सकिने विकल्पबारे पनि मनन गर्न नेपाल सरकारलाई प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो तेस्रो राष्ट्रिय अधिवेशन अनुरोध गर्दछ । निष्ठावान्, राष्ट्रभक्त एवं नैतिक नेतृत्वको विकास नभएसम्म जतिसुकै राज्य व्यवस्था अपनाए पनि सफल नहुने तथ्यलाई आत्मसात गरिनुपर्दछ ।

३. आफ्नो इतिहास मेटाउने काम नगर्न र इतिहासमा त्रुटि भएका केही विषयहरूबाट पाठ सिकी भविष्यमा गौरवमय इतिहास बनाउनका लागि लोकतन्त्रको सदुपयोग गर्दै यसलाई संस्थागत गर्न पहल गरिनुपर्ने ।

४. जातीयता र भेदभावको नाममा धर्म परिवर्तन गर्नु दीर्घकालमा राष्ट्रियता र राष्ट्र परिवर्तन गर्नु हो । धर्मान्तरण भनेकै राष्ट्रान्तरण हो भन्ने तथ्य मनन गर्दै अब बन्ने नयाँ संविधानमा लोभ, लालच एवं प्रलोभन देखाइ स्वास्थ्य, शिक्षा एवं अन्य सेवाको माध्यमबाट धर्म परिवर्तन गराउनेलाई कडा कारवाहीको व्यवस्था गरी सो कार्यलाई निरूत्साहित बनाइनुपर्ने ।

५. प्रेस स्वतन्त्रता र पत्रकारको सुरक्षाको प्रत्याभूति दिलाउनुपर्ने । पत्रकारलाई निर्भिक, निडर एवं स्वतन्त्र रूपमा समाचार संकलन गर्ने वातावरणको निर्माण गरी समाजमा निष्पक्ष समाचार सम्प्रेषण गर्ने कार्यलाई प्रोत्साहन दिनुपर्ने । पछिल्लो समयमा जमीम शाह लगायतका सञ्चारकर्मीहरूको हत्या भएको र हुने क्रम बढिरहेकोले लोकतन्त्रको धज्जी उडाएको तथ्यप्रति सबै सचेत भई गृह प्रशासनलाई राजनीतिक हस्तक्षेप बिना स्वतन्त्ररूपमा कार्य गर्न दिइनुपर्ने ।

६. अधिनायकवाद, निरंकुशता र कुनै पनि किसिमको एकतन्त्री शासन लाद्न खोज्ने र गैरकानूनी क्रियाकलाप एवं कानूनलाई आफ्नो हातमा लिने समूह एवं संगठनहरूमाथि विशेष निगरानी राख्दै समयमै नियन्त्रणमा लिइनुपर्ने ।

७. सबै जातजाति, भाषाभाषी एवं सम्पूर्ण वर्ग र समुदायमा राष्ट्रिय धरोहरका रूपमा रहेका मुलुकका वीर-वीराङ्गना एवं राष्ट्रिय विभूतिहरूको गुनगान, प्रशंसा एवं उनीहरूको आदर्शको अनुसरण गर्ने वातावरणको सिर्जना गरिनुपर्ने ।

८. वर्तमान समयमा नेपालमा जातीय, भाषिक, धार्मिक-सम्प्रदायगत आदि आधारमा ध्रुवीकरण गराउने कार्य तीव्ररूपमा भइरहेकोप्रति प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो तेस्रो राष्ट्रिय अधिवेशन घोर आपत्ति प्रकट गर्दछ । आदिवासी/जनजातिका नाममा, भाषिक अधिकारका नाममा, राज्यको पुन:संरचनाका नाममा र धर्मनिरपेक्षताका नाममा हुने गरेका अनेर स्तर र रूप-रङ्गका आन्दोलन, संघर्ष र विद्रोहप्रति परिषद्को घोर आपत्ति छ । त्यसैले अहिलेदेखि नै यस्ता गतिविधिमाथि कडा निगरानी राख्दै समयमा नै नियन्त्रण गर्ने पहल गरिनुपर्ने ।

९. राष्ट्रिय झण्डा, राष्ट्रिय जनावर, लालीगुँरास, डाँफे, सिम्रिक लगायतका राष्ट्रिय प्रतीकहरूलाई पूर्ववत्रूपमै संविधानमा स्थापित गराइनुपर्ने ।

लामो समयदेखि नेपाली जनताले चाहेको लोकतान्त्रिक संविधानको निर्माण निर्धारित समयमा हुनुपर्छ र समृद्ध एवं स्वाभिमानी नेपालको निर्माण सोझा जनताहरूलाई आफ्नो पक्षमा पार्नका लागि गरिने सस्ता भाषणबाजीबाट आफूले लोकप्रियता हासिल गर्न अरूलाई गाली गरेर होइन, देशका यूवाहरू र उपलब्ध स्रोत-साधनको सही सदुपयोग र परिचालन गरेर मात्र गर्न सकिन्छ भन्ने मान्यतालाई आत्मसात गर्दै यूवाशक्तिलाई त्यागको भावनासहित वैभवशाली नेपालको निर्माण गर्न प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो तेस्रो राष्ट्रिय अधिवेशन आग्रह गर्दछ । साथै माथि उल्लेखित मागहरू पूरा गर्न तथा यिनलाई ध्यानमा राखी  संविधान निर्माण गर्न प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल जोडदार माग गर्दछ ।